**२०८० साल बैशाख ८ गते शुक्रवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय:** उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने ।

२. **वन तथा वातावारण मन्त्रालय:** प्रदेश वन (पहिलो संशोधन) नियमावली, २०८० स्वीकृति प्रदान गर्ने ।

३. **स्वास्थ्य मन्त्रालय:** लुम्बिनी प्रदेश सरकार मातहतको लुम्बिनी आयुर्वेद चिकित्सालय, बुटवललाई १५ शैय्यामा स्तरोन्नती गर्ने ।

४. **स्वास्थ्य मन्त्रालय:** लुम्बिनी प्रदेश सरकार मातहतको ५० शैय्याको कपिल्वस्तु अस्पताल, तौलिहवालाई १०० शैय्यामा स्तरोन्नती गर्ने ।

५. **स्वास्थ्य मन्त्रालय:** निशुल्क रक्त संचार सेवा प्रदेशका सरकारी तथा सामुदायीक स्वास्थ्य संस्थाहरुबाट निशुल्क उपलब्ध गराउने।

६. **स्वास्थ्य मन्त्रालय:** लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय मातहतका अस्पतालहरुमा रहेका अस्पताल विकास समितिका अध्यक्ष र सदस्यहरुलाई मनोनयन गर्ने ।

७. **विविध:**

क) सामुदायिक क्याम्पसले दान बकस वापत घर जग्गा प्राप्त गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा छुट दिने ।

ख) निमित्त प्रमुख सचिवलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको अधिकार प्राप्त अधिकारीको रुपमा समेत काम कारवाही गर्ने गरी अख्तियारी प्रदान गर्ने।"

ग) "कार्य सम्पन्न भई भुक्तानी बाँकी रहेका आयोजना र कार्यक्रमहरुको सम्पन्न भएको कामको भुक्तानी दिन र बहुबर्षीय स्वीकृति प्राप्त आयोजनाको कार्य अगाडी बढाउन आर्थिक मामिला मन्त्रालय लगायत प्रदेश सरकारका सबै मन्त्रालयलाई निर्देशन दिने।"

घ) "प्रदेश संचार माध्यम ऐन, २०७९ को दफा ५२ मा व्यवस्था भएबमोजिम उपदफा (२) को खण्ड (क), (ख) र (ङ) बमोजिम संचार समन्वय परिषद्को गठन गर्ने ।"

ङ) "रापी गाउँपालिका वडा नं.४ स्थित शान्ति सामुदायिक वन उपभोक्ता समितीको प्लट नं. १ मा वातावरण तथा सरसफाई अनुसन्धान केन्द्र स्थापनाको लागि उक्त वन क्षेत्रको करिव पाँच बिगाह (५-०-०) जग्गा रापी गाउँपालिकालाई उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिस गर्ने" ।

च) लुम्बिनी विकास कोषलाई प्राप्त विद्युतीय सवारी साधन सरकारी नम्बर प्लेट (सेतो प्लेट) मा दर्ता भएकोमा उक्त सवारी साधनहरुलाई पर्यटक सवारी प्लेट (हरियो प्लेट)मा रुपान्तरण गर्न स्वीकृती प्रदान गर्ने।"